# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल


प. स. ०७७/०७८
च. न. ५६५

**अनुदानमा कृषि कार्यक्रमहरुमा समावेश हुन आवेदन पेश गर्ने बारेको सूचना ।**

प्रथम पटक प्रकाशित मिति२०७७।०६।११

कमल गाउँपालिकाको आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कृषि कार्यक्रम अनुसार प्रथम चौमासिक लक्ष्यमा संचालन गर्नुपर्ने कार्यक्रमहरु मध्ये तपशिल बमोजिमका कार्यक्रमहरुमा सहभागी हुन ईच्छुक कृषक समुह ,कृषि सहकारी कृषि फर्म उद्यमीहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति २०७७।०६।२५ गते) कार्यालय समयभित्र प्रस्ताव आवेदन दर्ता गर्नुहुन सम्वन्धित सबैमा यसै सुचनाद्धारा सुचित गरिन्छ । म्याद नाघी आएका र रीत नपुगेका निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा यसै सुचनाद्धारा जानकारी गराईन्छ ।

**तपशिलः**

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अनुदान प्रतिशत | आवेदन पेश गर्न सक्ने संस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक मसलावाली लगाउने कृषकहरुको मागको आधारमा साझेदारी कार्यक्रम(धनियाँ ,खुर्सानी,लसुन,प्याज आदि) | ५ | ६० प्रतिशत वा अधिकतम रु १५,००० सम्म | कृषक समुह/ कृषि सहकारी /कृषि उद्यमी | |
| २ | व्यावसायिक च्याउखेती गर्ने कृषि फर्मको मागको आधारमा साझेदारी कार्यक्रम | १२ | ६० प्रतिशत वा बढिमा रु २५,००० सम्म | ,, | |
| ३ | मौरीपालक कृषकहरुको मागको आधारमा साझेदारी कार्यक्रम | ३ | ६० प्रतिशत वा वढिमा रु ५०,००० | ,, | |

**आवश्यक कागजातहरुः**

१. समुह संस्था फर्म दर्ताको प्रतिलिपि,
२. समुह संस्थाको वैठकको निर्णयको प्रतिलिपि ,
३. जग्गा धनीपुर्जा वा जग्गा भाडा सम्झौता पत्रको प्रतिलिपि ,
४. नागरिकताको प्रतिलिपि ,
५. कार्यक्रम संचालन बारे सामान्य कार्ययोजना ,
६. संवन्धित वडा कार्यालयको सिफारिस ,
७. कार्यक्रम माग निवेदन ।

६/११

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री सुचना प्रविधि शाखा : कार्यालयको वेभसाईटमा अपलोड गर्नुहुन ।



ईमेलः info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं.०२३-४७५०८१